# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, जेठ २२ गते २०५८ साल (अतिरिक्ताङ्क १५ (ख)


## भाग १

## शाही घोषणा

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट**
**२०५८ जेठ २२ गते सोमबार देशवासीका**
**नाममा बक्सेको शाही घोषणा**

प्यारा देशवासीहरू,

१. विक्रम सम्बत् २०५८ साल जेठ १९ गते शुक्रबार राति नारायणहिटी राज-दरबारमा पारिवारिक जमघटमा भएको अप्रत्याशित घटनामा श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव गंभीर रूपमा अशक्त होइबक्सी श्री ५ वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचारार्थ रहिबक्सेकोमा चिकित्सकहरूबाट अथक प्रयत्न हुँदाहुँदै आज विक्रम सम्बत् २०५८ साल जेठ २२ गते सोमबार बिहान ३ बजेर ४५ मिनेट जाँदा मौसूफ हामी सबैलाई छोडेर स्वर्गारोहण होइबक्सेको कुरा देशवासीलाई सुनाउनु पर्दा हामीलाई अत्यन्त दुःख लागेको छ । नश्वर शरीर लिएर जन्मेपछि देह त्याग गर्नु पर्ने यो प्राकृतिक नियम ध्रुवसत्य भए पनि युवा श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शाहदेव समय नपुग्दै स्वर्गारोहण होइबक्सेला भन्ने हामीले नचिताएको कुरा हामीमाथि आइपर्‍यो ।

२. यसको केही दिनपूर्व मात्र हामीबाट प्रजावत्सल विकासप्रेमी श्रद्धेय दाज्यू श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव तथा देशका सम्पूर्ण नारीहरूको हित चाहिबक्सने समाजकल्याणमा समर्पित ममतामयी सहृदयी भाउजू श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको वियोग सहनु पर्‍यो ।

३. देशमा उत्पन्न भएका यी असह्य शोकको घडीमा हामी सबै नेपालीहरू मर्माहत भएका छौं । हाम्रो मुलुकमाथि एकपछि अर्को गरी आइपरेको दुःखदायी परिस्थितिहरूलाई हामी सबै नेपालीले सहँदै धैर्यपूर्वक आ-आफ्नो कर्तब्य र दायित्वलाई बहन गर्नु पर्ने बेला आएको छ ।

४. नेपालको इतिहासमा आइपरेको यस अकल्पनीय अवस्थाको अनुचित फाईदा लिई हाम्रो राष्ट्रिय एकता, स्वतन्त्रता र राष्ट्रियतालाई समेत कमजोर पार्ने प्रयास हुन सक्ने भएकोले हामी सबै नेपाली सचेत हुँदै एकजुट हुनु परेको छ । कस्तै विपत्ति आई पर्दा पनि नहड्बडाई सामना गर्न एक हुने हामी नेपालीको परम्परा कायमै राख्नु आजको आवश्यकता भएको छ ।

५. लोकसम्मति र जन आकांक्षाको कदर गरी राज्य संचालन गर्ने शाहवंशको परम्परा रहिआएको छ । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको निष्ठापूर्ण अभ्यासद्वारा नेपाली जनतालाई समुन्नत भविष्यतिर उन्मुख गराइबक्सने श्रद्धेय दाज्यू स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहको सदिच्छा हामी सबैको लागि सधैंको लागि प्रेरणादायी रहनेछ । नेपालको राष्ट्रिय हितमा मौसूफबाट दुवै छिमेकी मुलुकहरूसंग सुदृढ तुल्याई बक्सेको घनिष्ट सम्बन्ध तथा विश्व समुदायमा हुर्काई बक्सेको नेपालको सम्मानपूर्ण छविलाई पनि हामी सबैले सँधै अक्षुण्ण राख्नु पर्दछ । हाम्रो यस प्रतिबद्धतालाई मूर्तरूप दिन सबैबाट सहयोग मिल्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

६. श्री ५ महाराजाधिराजको रूपमा हाम्रो काँधमाथि आइपरेको अभिभारा सम्हाल्दै आज यस घोषणाद्वारा हाम्रा महारानी कोमल राज्यलक्ष्मी देवी शाहलाई श्री ५ बडामहारानी घोषित गरिबक्सेका छौं ।



५४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. हामीबाट आज बिहान देशवासीका नाममा बक्सेको सन्देशमा हुकुम बक्सेबमोजिम राजदरबारमा घटेको दुःखद घटनाको यथार्थ विवरण जनसमक्ष ल्याउने प्रक्रिया स्वरुप प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा एक उच्चस्तरीय समिति गठन गरिबक्सेका छौं । उक्त समितिमा सभामुख तारानाथ रानाभाट तथा प्रतिनिधि सभामा विपक्षीदलका नेता माधवकुमार नेपाललाई सदस्य तोकिबक्सेका छौं । यस समितिलाई तीन दिनभित्र प्रतिवेदन जाहेर गर्न निर्देशन पनि बक्सेका छौं । समितिले प्रतिवेदन जाहेर गरेपछि सत्य तथ्य देशवासीलाई जानकारी गराउने नै छौं ।

८. स्वर्गवासी श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहको दिवंगत आत्माको चिरशान्तिको लागि श्री परमेश्वरसंग प्रार्थना गरौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्से बमोजिम
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।